नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७९/८०
चलानी नम्बर:- 2362

मिति:- २०७९/१०/१८

विषय:- लिलाम विक्री गर्नुपर्ने सवारी साधनहरूको विवरण पठाउने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै), मकवानपुर ।

श्री जिल्लास्थित सरकारी कार्यालय (सबै), मकवानपुर ।

श्री जिल्लास्थित सार्वजनिक संस्थान (सबै), मकवानपुर ।

प्रस्तुत सन्दर्भमा श्री गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा, सिंहदरबार, काठमाडौको च.नं. २९५, मिति २०७९-१०-१७ को पत्रको छाँयाप्रति पाना १ (एक) यसै पत्रसाथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई तोकिएको ढाँचामा लिलाम विक्री गर्नुपर्ने सवारी साधनहरूको यथार्थ विवरण पछिसम्म फरक नपर्ने गरी मिति २०७९-१०-१९ गतेभित्र खुलाई श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोगको महाशाखा नं. १, टंगाल, काठमाडौंमा पुग्ने गरी पठाउन हुन तथा सो को जानकारी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं र यस कार्यालय समेतलाई गराउन हुन आदेशानुसार अनुरोध छ ।

२०७९/१०/१८

गुणराज प्रसाद न्यौपाने
प्रशासकिय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

ईमेलः moha.vehicle@gmail.com
फोन नं. ०१-४२११६३५
फ्याक्स नं. ०१-४२११२१५

**आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा**

पत्र संख्याः- आ.प्र.स.स.व्य. ०७९/०८०
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २५२

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०७९।१०।१७

विषयः- विवरण सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै (७७)

उपर्युक्त विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. भ्र.नि/५२१/३६२६, मिति २०७९।१०।१३ को पत्रमार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ३२१२३, मिति २०७९।१०।०९ को पत्रबाट नेपाल सरकारका मन्त्रालय एवं निकायहरूले थोत्रा भएर रहेका गाडीहरू प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी शुन्यमा झार्ने कार्य गर्नु पर्नेमा सो जिम्मेवारी निर्वाह नगरी जिम्मेवारी पन्छाउने प्रवृत्ति बढ्दै गएकोले राज्यको सम्पत्ति सडेर खेर गइरहेको तर अहिलेको परिवर्तित सन्दर्भमा सुशासन कायम गर्न समेत लिलाम प्रक्रिया तत्काल थाल्नुपर्ने तर जिम्मेवारी पन्छाउने कारणबाट सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुन गएमा भ्रष्टाचार निवारण ऐन बमोजिम जिम्मेवार अधिकारलाई कारबाही गर्नु पर्ने भन्ने समेत व्यहोराको उ.द.नं.०७९८0C-०३६७०७, मिति २०७९।१०।०६ को उजुरी आयोगमा दर्ता भएको छ। साथै, सरकारी निकायमा थोत्रा भएर रहेका गाडीहरू लिलाम बिक्री गर्ने सम्बन्धमा यसभन्दा अगाडि पनि आयोगमा उजुरी परी आवश्यक कारबाही अगाडि बढाउनको लागि देहाय बमोजिमको तालिकामा माग भए बमोजिम लिलाम बिक्री गर्नु पर्ने सवारी साधनहरूको यथार्थ विवरण पछिसम्म फरक नपर्ने गरी ३ (तीन) दिनभित्र खुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगका महाशाखा नं. १ मा पुग्ने गरी पठाउनुहुन तथा सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र यस मन्त्रालयमा गराउनुहुन मिति २०७९।१०।१७ को निर्णयानुसार अनुरोध छ ।

तालिकाः

| सि.नं. | कार्यालयको नाम, ठेगाना | लिलाम गर्नुपर्ने गाडीको विवरण | लिलाम गर्नुपर्ने जिम्मेवार अधिकारीको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

(मुकुन्द प्रसाद पन्त)
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. १,
टङ्गाल, काठमाडौं ।